परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १५१ पृष्ठ ४ २०८० कार्तीक २४ गते, शुक्रबार 10 Nov., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




समाचार पृष्ठ ३ मा

## रहिनन् कलाकार दिपाशा बीसी

टिकटकको बिकृति प्रभाव

# महोत्तरीबाट बेपत्ता भएका किशोरीलाई अभिभावकको जिम्मा लगाइयो

### अर्केस्ट्रामा काम गर्छु भनेर घरबाट निस्कीएका थिए किशोरीहरु



**टक नेपाल**

गौशाला। महोत्तरीको औरहीबाट बेपत्ता भएका पाँच जना किशोरीहरुलाई अभिभावकको जिम्मा लगाएको छ । औरही नगरपालिका-२ बाट गत मङ्गलबारदेखि एकसाथ बेपत्ता भएका १६ वर्षीय बसन्ती सदा, १६ वर्षीय प्रतिमा सदा, १८ वर्षीय सङ्गीता सदा, १५ वर्षीय राजन सदा, २० वर्षीय रुबी सदालाई अभिभावकको जिम्मा लगाइ घर पठाइएको छ। वेपता भएका पाँच जना किशोरी विहिवार विहान १० बजेतिर धनुषाको मिथिला नगरपालिका-६ ढल्केवरमा फेला परेकोका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी एवं प्रवक्ता दीपक गिरीका अनुसार ती किशोरीहरू मंगलबार बिहान ११ बजे घरबाट हिँडेको र साँझ ५ बजेसम्म घर नफर्केपछि परिवार जनले जानकारी गराएको थियो। सम्पर्कविहीन रहेको किशोरीहरूको खोजतलासको क्रममा ढल्केवरमा फेला परेको पछि उनिहरुलाई इलाका प्रहरी कार्यालय गौशला महोत्तरीलाई जिम्मा लगाइएको थियो । किशोरीहरु घर बाट अर्केस्ट्रामा काम गर्छु भनेर घरमा नभनि सिरहाको मिर्चैया पुगेका थिए । उनिहरुले घरको मोबाइलमा टिकटक हेर्दै अर्केस्ट्राको पोस्टर हेरेर त्यहाँबाट नम्बर लिई फोन गरेर घरबाट ढल्केबर पुगेर अर्केस्ट्राका ब्यक्ती ढल्केवर बाट उनिहरुलाई सिरहाको मिर्चैया पुर्याएका थिए । तर त्यहाँ पुगे पछि किशोरीहरु बुबा आमाको माया र याद आए काम नगर्ने भनेपछि पुनः उनिहरुलाई सिरहाबाट घर फिर्ता पठाई दिएका थिए सोहि बेला ढल्केबरमा विहिवार बिहान १० बजे ढल्केवर पुग्दा धनुषाको ढल्केवर प्रहरीले नियन्त्रणमा लिएर ईलाका प्रहरी कार्यालय गौशालालाई जिम्मा लगाएको थियो । गौशलाका प्रहरी निरिक्षक मनोज यादव लगायत अधिकारकर्मी तथा संचारकर्मीहरुले किशोरीहरुलाई काउन्सिलिङ गरि अभिभावकको जिम्मा लगाइ घर पठाइएको छ। ईलाका प्रहरी कार्यालय गौशलाले किशोरीहरुलाई घर परिवार र औरही नगरपालिकाका मेयर प्रदीप खड्कालाई जिम्मा लगाएर पठाएको हो ।


आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।


# कक्षा १२ को ग्रेडवृद्धिको परीक्षाफल सार्वजनिक




**टक नेपाल**

काठमाडौँ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको नतिजा बिहिबार सार्वजनिक गरेको छ। बोर्डले आज एक विज्ञप्ति प्रकाशित गरी राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरद्वारा गत असोज ९ र १० गते सञ्चालन भएको कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको नतिजा प्रकाशित गरिएको जनाएको छ। परीक्षामा कुल एक लाख १७ हजार आठ सय ८२ विद्यार्थीले परीक्षा दिएकोमा जसमा ८८ हजार नौ सय ४७ अर्थात् ७५ दशमलव ४५ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गरेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ। १५ जना विद्यार्थीको परीक्षा रद्द गरिएको बोर्डको भनाइ छ।

# २ किलो चाँदीसहित सर्लाहीबाट एक जना पक्राउ



**टक नेपाल**

सर्लाही । सर्लाहीमा कम्मरमा लुकाई ल्याएको करिब १ किलो ९५० ग्राम चाँदी लगायतका विभिन्न सामानसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । भारत सितामढी बसतपुर ग्राम पंचायत-७ बस्ने १९ वर्षीय लभ दासलाई मलंगवा नगर पालिका-८ लचकाबाट बिहीबार बिहान प्रहरीले पक्राउ गरेको हो। भारतबाट साइकलमा नेपालतर्फ आउँदै गरेका उनलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले तलासी गर्दा उक्त सामानसहित फेला पारी पक्राउ गरेको हो। उनको साथबाट चाँदीको सिक्का २० थान, हनुमानी १ थान, औंठी ८ थान, पायल-४ जोर, ब्रासलेट १ जोर, प्लेट २ थान, गणेश र लक्ष्मीको मूर्ती ११ थान, सिक्री ३७ थान गरी उक्त तौलको चाँदीका सामान बरामद भएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


NET
UNITING NETWORKS
High Speed Broadband ! Internet
उज्यालोको साथमा घरघरमा नेट
UNITE NETWORKS Pvt. Ltd.
U-NET तपाईंकै नेट
BIG DIWALI OFFER
Happy Diwali
70% OFF
अब मात्र १००० रुपैयामा
5G राउटर सहित 100 Mbps नेट
IPTV/ Installation/ Router/ Set-Top Box
365 Day Customer Support.
Head Office : Bardibas-1, Mahottari
Contact : 9801603910/9802960179/9802960180/9801667837
url: www.unet.net.np
email : info@unet.net.np



पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

बर्दिबास नगरपालिका
बर्दिबास (महोत्तरी)

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# राहत पीडित समक्ष चाँडै पुगोस्

गएको हप्ता पश्चिम नेपालमा आएको भूकम्पले ठूलो जनधनको क्षति गरेपछि मानवीयताका हिसावले सहयोग गर्नेहरु बारा र पर्सामा पनि देखिएका छन् । भूकम्पले घरवार विहिन भएकाहरुका लागि सहयोग संकलन अभियान बारा र पर्सा क्षेत्रमा पनि संचालन गरेको देखिएको छ । विभिन्न संघ संस्थाहरुले सहयोगका लागि घोषणा समेत गरेका छन् भने सहयोगी मन भएकाहरुले सहयोग संकलन पनि शूरु गरेका छन् ।अहिले भूकम्प पीडितहरु एकदमै समस्यामा छन् । शोक अनि भोकका कारण उनीहरुलाई परेको समस्याको विषयमा अन्दाज समेत गर्न सकिने अवस्था छैन । त्यसो त नेपालीहरुमा सहयोगी भावना पनि छ । यस्तै विपत्तिका बेला नेपालीहरुले एक आपसमा सहयोग गरेर सेवाको भाव देखाउने गरेको र देखाउदै पनि आइरहेका छन् । फेरि एक पटक यो भावना देखाउन आवश्यक छ ।तर, सहयोगको नाउमा विकृति पनि बढेको देखिन्छ। भूकम्प पीडितहरुको नाउमा रकम उठाएर आफ्नो दुनो सोझ्याउनेहरुको ठूलै समूह समाजमा रहने भएकाले यसतर्फ भने सबै सचेत बन्न आवश्यक देखिन्छ । कतै न कतै उनीहरुले यो विपत्तिमा समेत फाइदा उठाउन खोजेको देखिन्छ । त्यसैले पनि सहयोगी मन भएकाहरुले यस्ता व्यक्ति वा समूहको पहिचान गरेर मात्रै सहयोग गर्दा उचित हुनेछ । भूकम्प पीडितहरुका लागि भन्दै राहत पनि घोषणा भएका छन् यो पनि चांडै पीडित समक्ष पुगोस् ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# 'नेपाली' बनेर जग्गा खरिद गर्ने भारतीय नागरिक विरुद्ध ५ करोड ५ लाख बिगो मागसहित मुद्दा दायर

**• टक नेपाल**

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली नेपाली नागरिकता बनाएर जग्गा खरिद गर्ने एक भारतीय नागरिक विरुद्ध मुद्दा दाय गरेको छ । अख्तियारले आज भारतीय नागरिक अनुप मेहराविरुद्ध ५ करोड ५ लाख रुपैयाँभन्दा बढी बिगो मागसहित विशेष अदालतमा मुद्दा दर्ता गरेको हो । मेहराविरुद्ध ५ करोड ५ लाख ४२ हजार रुपैयाँ बिगो मागसहित बिहीवार मुद्दा दर्ता गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । नवलपरासीको साबिक सनई गाविसमा पर्ने हदबन्दी रोक्का रहेको जग्गा मेहराले नेपाली नागरिक अनुपकुमार खत्री भएर किनेका थिए । तत्कालीन प्रमुख मालपोत अधिकृत टीकाराम ज्ञवाली, भूमिसुधार अधिकारी ईश्वर प्रकाश कलवार, मालपोत अधिकृत मनोहरप्रसाद पन्थी, नासु बुद्धिसागर तिवारी, रमेशमान श्रेष्ठलगायतले उनलाई नेपाली नागरिक खडा गरेका थिए । नक्कली नेपाली नागरिक खडा गरी सरकारका नाममा आउनुपर्ने ३२ रोपनी जग्गा बेचबिखनमा संलग्न १३ जनाविरुद्ध अख्तियारले यसअघि विशेष अदालतमा मुद्दा दायर गरेको थियो । बिहीवार नक्कली नेपाली भएर जग्गा खरिद गर्ने मेहराविरुद्ध ५ करोड ५ लाख ४२ हजार रुपैयाँ बिगो माग गरी मुद्दा दायर गरिएको हो ।

# चरित्रहत्या गरेको आरोपमा युट्युबर मनोज मानव पक्राउ

**• टक नेपाल**



काठमाडौं । नेपाल प्रहरीको साइबर ब्यूरोले सामाजिक सञ्जाल (टिकटक र फेसबुक)को दुरुपयोग गरी चरित्रहत्या गर्ने एक जनालाई आज पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिराहा, लहान नगरपालिका स्थायी घर भइ हाल काठमाडौंमा बस्ने ३६ वर्षीय मनोज 'मानव' भन्ने मनोजकुमार महतो रहेका छन् । उनी युट्युबर हुन् । प्रहरी उपरीक्षक पशुपतिकुमार रायका अनुसार सामाजिक सञ्जालमा तस्बिर तथा श्रव्यदृश्यको दुरुपयोग गरी चरित्रहत्या गर्ने उद्देश्यले क्याप्सन लेखी टिकटक र फेसबुकमा प्रकाशन तथा प्रसारण गरेको पीडित महिलाको निवेदनमाथि प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषणपछि महतोलाई पक्राउ गरिएको जनाइएको छ । महतोलाई विद्युतीय कारोबार ऐन अनुसार कसुरमा काठमाडौंबाट पक्राउ गरी जिल्ला अदालतको आदेशले सात दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रायले बताए । मनोजलाई पूर्वएआईजी रणबहादुर चन्द र तारा बराल बसिरहेको रेस्टुरेन्टमा प्रवेश गरेपछि ताराले थप्पडसमेत हानेको भिडियो सार्वजनिक भएको थियो। आफूहरूको चरित्रहत्या गरेको भन्दै तारालेसमेत उजुरी दिएकी थिइन्।

# राष्ट्रिय महिला क्रिकेट टीमको कप्तान बनिन् इन्दु बर्मा



**• टक नेपाल**

काठमाडौं । राष्ट्रिय महिला क्रिकेट टोलीको कप्तानमा इन्दु बर्मा नियुक्त भएकी छन् । नेपाल क्रिकेट संघ क्यानले करिब एक दशकयता कप्तान रहेकी रुबिना क्षेत्रीलाई हटाएर इन्दुलाई उक्त जिम्मेवारी दिएको हो । रुबिना राष्ट्रिय टोलीमा यथावत भने छिन् । हङकङमा हुने चार देश सम्मिलित टी-२० शृखलाका लागि घोषित राष्ट्रिय टोलीमा इन्दु कप्तान रहेको उल्लेख छ । उपकप्तानको जिम्मेवारीमा विन्दु रावल छिन् । अन्य सदस्यमा सिता रानामगर, अस्मिना कर्माचार्य, काजोल श्रेष्ठ र कन्चन श्रेष्ठ, सोमु विष्ट, पुजा महतो, रोमा थापा, संगिता राई, खुसी डंगोल, सम्झना खड्का र सोनी पाखिनले छन् ।

# भारतबाट भित्रिने खसी-बोका रोक्न माग

**• टक नेपाल**

काठमाडौं । नेपाल व्यावसायिक बाख्रापालक महासङ्घले सरकारले पेसा व्यवसायको संरक्षण गर्नुपर्ने माग गरेको छ । पत्रकार सम्मेलन गर्दै महासङ्घले आफूहरुको पेसा-व्यवसायको संरक्षणका लागि हाल भइरहेको सरकारी प्रयास न्यून उपलब्धि दिने, नाम मात्रैका र वास्तविक किसानको पहुँचभन्दा बाहिर रहेको जनाएको छ । सरकारले किसानलाई उचित अनुदानको व्यवस्था गर्न नसक्दा अहिले खसी-बोकाबाट घाटा व्यहोर्नुपरेको महासङ्घको भनाइ छ । साथै, अवैध रुपमा भित्र्याइने भारतीय खसी बोकाका कारण सङ्क्रामक रोगको मारमा किसान पर्ने गरेका छन् । नेपाली बजारमा भारतीय खसी बोकाको मासुले प्रश्रय पाउँदा किसान मारमा परेका छन् । यसले नेपालको अर्थतन्त्रमा समेत असर परेको महासङ्घको भनाइ छ । बाख्रापालक किसानलाई राज्यले उचित अनुदानको व्यवस्था गर्नुपर्ने, पेसाको विस्तार, ऋण सुविधा, सरकारी तहबाट किसानका लागि उच्च जातका बोका, पाठीहरु वितरण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनुपर्ने माग पत्रकार सम्मेलनमा गरिएको छ।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु

- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | परिस्थितिवश चिताएको काममा अलमल हुनेछ। | तुला | नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। |
| बृष | परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। | वृश्चिक | विभिन्न अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला। |
| मिथुन | जिम्मेवारी प्राप्त भए पनि फाइदा उठाउन केही संघर्ष गर्नुपर्ला। | धनु | चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रम गर्नुपर्ला। |
| कर्कट | आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। | मकर | पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला। |
| सिंह | लाभ उठाउन धेरै मिहिनेत गर्नुपरे पनि चिताएको काम सम्पादन हुनेछ। | कुम्भ | परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। |
| कन्या | खर्च बढ्नुका साथै अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्याउनुपर्ला। | मीन | रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# जोखिमपूर्ण बन्दै कमलाको ....

“नजिकैको बजार पनि यतै छ, नातेदार पनि यतै छन्”, पुल तरेर सिरहा बजार आउनुभएका धनुषाको कमला नगर पालिका निवासी अन्सारुल राइनले भन्नुभयो, “बिहानसम्म आवतजावत सहज थियो, तर अहिले दिउँसो पुलमाथिका काठ भाँचिन लागेछ । स्थानीय युवाले काठका फलेकमा काँटी ठोकेर मर्मत गरेकाले जसो तसो पुल पार गरियो ।” नगर पालिकाले यही काठको पुल पनि मर्मत सम्भारमा ध्यान नदिएको गुनासो उहाँले गर्नुभयो। यात्रुलाई नदी वारपार गर्नलाई नजिकैको अर्को कुनै विकल्प नभएको सिरहा नगरपालिका-६ का वडा सदस्य उमेश यादव बताउनुहुन्छ । “यहाँको दुर्गति भनेकै यो पक्की पुल निर्माणमा ढिलाइ गर्नु हो । विकल्पको रूपमा आवतजावत गर्नलाई कि त पूर्व-पश्चिम महेन्द्र राजमार्ग मिर्चैया-कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घण्टा लामो यात्रा गर्नुपर्छ”, यादवले भन्नुभयो, “निर्माणाधीन पक्की पुल बन्छ र सहज यात्रा होला भनेर आशामै बसेको पनि एक दशकभन्दा बढी भइसक्यो । खोइ कहिले सम्पन्न हुने हो कुनै निश्चित छैन ।” हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै दुई वर्षअघि भाँसिएको थियो । वि.सं.२०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो तर पटक पटक म्याद थपेर करिब दश वर्ष लाग्यो । निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्धाटनको तयारी गरिरहेकै बेला वि.सं.२०७८ असार र कात्तिकमा आएको बाढीले पुल भाँसिएपछि पुनः निर्माणको काम तत्काललाई अनिश्चित भयो । निर्माण कम्पनी लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनले आगामी चैत मसान्तसम्म भाँसिएको पुल पुनः निर्माण गर्ने गरी काम सुरु गरेको थियो । तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनः निर्माणको काम असार नलाग्दै रोकियो । निर्माण कम्पनीका अनुसार तिहार तथा छठ पर्वपछिबाट रोकिएको पुल निर्माणको काम पुनः सञ्चालन हुनेछ ।

*रासस*

# मधेस विश्वविद्यालयमा कानुन....

पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्व विद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ । विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ । गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई वटा सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङ लगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा हबको रूपमा विकास गने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपीआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले जानकारी दिनुभयो । मधेस विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका - २ मा ३५ बिघा र पोखरिया नगर पालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ । बहुदरमाई नगर पालिका- २ मा प्राप्त भएको जग्गालाई सीमाङ्कन गरी पिलर जडान गरिएको भने पोखरीया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ । मधेस विश्वविद्यालयले आफूलाई आवश्यक पर्ने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाई पारित गरिसकेको छ । रासस

# रहिनन् कलाकार दिपाशा बीसी



● टक नेपाल

काठमाडौँ । कलाकार दिपाशा बीसीको निधन भएको छ । स्वास्थ्यमा समस्या देखिएपछि बुधबार बेलुकी थापाथलीस्थित नर्भिक पुऱ्याइएकी उनलाई बिहीबार अस्पतालले मृत घोषणा गरेको हो । शरीरमा औषधीको मात्रा धेरै देखाइएको कारण देखाउँदै अस्पतालले मृत घोषणा गरेको राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानकी अध्यक्ष रीता थापामगरले जनाइन् । अध्यक्ष मगरका अनुसार बीसीले प्रतिष्ठानको ८ औं महाधिवेशनमा पनि केन्द्रीय सदस्यमा चुनाव लडेकी थिइन् । कलाकार बीसीले थुप्रै म्युजिक भिडियोमा अभिनय गरेकी छिन् ।

# लम्बिँदै सन्दीपविरुद्धको मुद्दा



● टक नेपाल

काठमाडौं । क्रिकेटर सन्दीप लामिछानेविरुद्धको जबर्जस्तीकरणी सम्बन्धी मुद्दामा बहस नोट पेश गर्ने आदेश भएको छ । बिहीबार जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले मुद्दाको बहस नोट कानुन व्यवसायीहरूलाई पेश गर्न आदेश भएको हो । गत कात्तिकदेखि क्रिकेटर लामिछानेविरुद्धको मुद्दा जिल्ला अदालतमा ३० पटकसम्म पेसी चढिसकेको छ । जिल्ला अदालतले बलात्कारजस्तो संवेदनशील मुद्दा छिन्न ढिलाई हुँदै गरिरहेको टिप्पणी भएको छ। निकै चासोपूर्वक हेरिएको मुद्दा लम्बिँदै गएको छ । पीडित किशोरीको उमेरमाथि प्रश्न उठाउँदै आएपछि अदालतले जन्मदर्ता देखि बसाइसराइसम्मको माग्ने आदेश गरिसकेको छ । २०७९ कात्तिक १४ मा काठमाडौं जिल्ला अदालतमा दर्ता भएको मुद्दा लम्बिँदै गएको हो । हेर्न नभ्याइने, हेर्न नमिल्ने, प्रमाण माग्ने आदेशमा अल्झिरहेको बलात्कारजस्तो संवेदनशील मुद्दामा ढिलासुस्ती हुँदै आएको छ। यद्यपि सर्वोच्च अदालतले यो मुद्दालाई फास्ट ट्र्याक अर्थात प्राथमिकतामा राखेर छिटोभन्दा छिटो टुंगो लगाउनसमेत आदेश गरिसकेको छ । जबर्जस्तीकरणी सम्बन्धी विषयका मुद्दा निकै संवेदनशील मानिन्छन्। यस्ता खालका मुद्दालाई फास्ट ट्र्याकबाट मुद्दा छिन्नुपर्ने कानुनी प्रावधान पनि छ। अझै १८ वर्ष मुनिका किशोर किशोरी जोडिएका मुद्दा भनै छिटो टुंगो लगाउनुपर्ने हुन्छ । कतिपय कानुन व्यवसायील न्यायाधीशहरुले मुद्दाको फैसला गर्न आँट गर्न नसकेको आङ्कलन गरेका छन् । ढिलो न्याय दिनु न्याय नदिनु जस्तै हो। बलात्कार मुद्दामा पटकपटक पेसी सर्नुलाई न्यायमा ढिलाई हुँदै गइरहेको विश्लेषण हुन थालेको छ ।










# जोखिमपूर्ण बन्दै कमलाको काठे पुल

• टक नेपाल



सिरहा। दैनिक एक हजारभन्दाबढी मोटरसाइकल आवतजावत गदै आएको हुलाकी सडक अन्तर्गत धनुषा-सिरहा जोड्ने कमला नदीमा सञ्चालनमा आएको काठको पुल जीर्ण बन्दै गएको छ । वर्षायाम सुरु भएसँगै गत असारदेखि नदीमा पानीका बहाव बढेपछि सिरहा नगरपालिकाले तत्कालका लागि बाँस प्रयोग गरी अस्थायी प्रकृतिको काठको पुल बनाएको थियो। १२ वर्षदेखि निर्माणाधीन कमलाको पक्की पुल समयमा सम्पन्न नहुँदा यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । बर्खायाममा हुलाकी मार्गका यात्रु तथा नदी वारिपारिका दुवै जिल्लाका स्थानीयवासीलाई आवतजावत गर्नसास्ती पर्ने गरेको छ ।

बाँकी पृष्ठ ३ मा

# प्रधानमन्त्रीलाई मधेश प्रदेश सरकारको ६ बुँदे ध्यानाकर्षण



• टक नेपाल

काठमाडौं । मधेश प्रदेश सरकारले प्रदेश प्रहरी समायोजन लगायतका ६ बुँदे माग राखी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापन पत्र बुझाएको छ । बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा पुगेर मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवसहितको टोलीले ध्यानाकर्षण पत्र बुझाएको हो । सङ्घीयता भएको आठ वर्ष भइसक्दासमेत प्रदेश सरकारले पाउने संवैधानिक अधिकार नपाएकाले यो ध्यानाकर्षण गराउनुपरेको मुख्यमन्त्री यादवले बताउनुभयो । उहाँले ३० दिनभित्र प्रदेशका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी दिनुभयो । मुख्यमन्त्री यादवले भन्नुभयो, "६ बुँदे ध्यानाकर्षण पत्र लिएर आएका छौँ । किनभने यो प्रदेशमा सङ्घीयता भएको आठ वर्ष भइसक्यो । प्रदेश सरकार गठन भएको पनि ६ वर्ष भइसक्यो । तर प्रदेश सरकारले पाउने संवैधानिक अधिकार पाएका छैनौँ । त्यसैले हामीले एउटा सरसहमति ७ दलको उपस्थितिमा सम्पूर्ण मान्य मन्त्री लगायतले ६ बुँदे ध्यानाकर्षण प्रदान गर्‍यौँ । ३० दिनभित्र कार्यान्वयन नभए शान्तिपूर्ण आन्दोलन गर्नेछौँ ।" प्रदेश प्रहरी समायोजन सम्बन्ध, सङ्घीय निजामती सेवा ऐनको सम्बन्धमा, सार्वजनिक जग्गाको प्रयोगको सम्बन्धमा, गुठी जग्गाको सम्बन्धमा, अर्थसम्बन्धी समस्या सम्बन्धमा र अभियोजन सम्बन्धमा आधारित भई ज्ञापन बुझाएको उहाँको भनाइ छ । ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले मागहरू जायज भएको र ३० दिनभित्र सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको मुख्यमन्त्री यादवले बताउनु भयो। उहाँले भन्नुभयो, "प्रदेश प्रहरी समायोजन सम्बन्ध, सङ्घीय निजामती सेवा ऐनको सम्बन्धमा, सार्वजनिक जग्गाको प्रयोगको सम्बन्धमा, गुठी जग्गाको सम्बन्धमा, अर्थ सम्बन्धी समस्या सम्बन्धमा र अभियोजन सम्बन्धमा आधारित भई ज्ञापन पत्र बुझाएका छौँ। शान्ति सुरक्षाको व्यवस्था प्रदेश सरकारको हो तर हामीसँग प्रहरी प्रशासन छैन । काम गर्नका लागि कर्मचारी छैनन् । प्रधानमन्त्रीले तपाईँहरूको माग जायज हो । ३० दिनभित्र सम्बोधन गर्नेछु भन्नुभयो । हामी सबै मिलेर धर्ना दिनेछौँ । बाँकी ६ प्रदेशका मुख्यमन्त्रीसँग हामीजस्तै तपाईँहरूले पनि ध्यानाकर्षण पत्र प्रधानमन्त्रीलाई दिऔँ । प्रत्येक प्रदेशमा पनि आन्दोलन गर्नुपरे गरौँ ।" मुख्यमन्त्री यादवले प्रदेश अधिकारका लागि सबै प्रदेशका मुख्यमन्त्रीहरूलाई मिलेर अघि बढ्न आह्वान गर्नुभयो ।

# मधेस विश्वविद्यालयमा कानुन र जनप्रशासन विषयमा पठनपाठन

• टक नेपाल

वीरगञ्ज। मधेस विश्वविद्यालयले कानुन र जनप्रशासन सङ्कायमा भर्ना भएका विद्यार्थीका लागि अनुशिक्षण कक्षा सञ्चालन गरेको छ। स्थापना भएको पहिलो एक वर्षमै विश्वविद्यालयले आगामी मङ्सिर ११ गतेदेखि कानुन सङ्कायतर्फ बीएएलएलबी र जनप्रशासन सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । यसका लागि प्रवेश परीक्षामार्फत कानुन सङ्काय बीएएलएलबीमा भर्ना भएका एक सय १० र जनप्रशासन सङ्कायका ५५ विद्यार्थीका लागि विश्वविद्यालयले तीन दिने अनुशिक्षण कक्षा सञ्चालन गरेको हो । विश्वविद्यालयमै सञ्चालित अनुशिक्षण कक्षामा विश्वविद्यालयका उपकुलपति दीपक शाक्य, रजिस्ट्रार विजयकुमार यादवले विश्वविद्यालयको अवस्था र भावी कार्ययोजनाबारे प्रशिक्षण दिनुभयो । यस्तै पर्सा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मा र जिल्ला सरकारी वकिल कार्यालय पर्साका सहन्यायाधिवक्ता रामकुमार थापाले कानुन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनसम्बन्धी प्रशिक्षण दिनुभएको विश्वविद्यालयका रजिस्ट्रार यादवले जानकारी दिनुभयो । विद्यालयलाई सुष्मा श्रेष्ठ, वासुदेव वलाल कर्ण र अरविन्द श्रेष्ठले विश्वविद्यालयको आचरण र विद्यालयले परिपालना गर्नुपर्ने विषयमा सहजीकरण गर्नुभयो भने शैक्षिक क्रियाकलाप तथा विश्वविद्यालयको अनुशासनसम्बन्धी विश्वविद्यालयका कानुन तथा जनप्रशासन सङ्कायका डीन डा. मानबहादुर विश्वकर्माले सहजीकरण गर्नुभएको रजिस्ट्रार यादवले बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा सामाजिक न्यायसम्बन्धी अधिवक्ता विकास गुप्ताले सहजीकरण गर्नुभयो ।

बाँकी पृष्ठ ३ मा

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !



जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)

यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।




"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com